# लोक सेवा आयोग
# काठमाडौं कार्यालय
## (परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८२, ४७७१९८३, वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np

## लेखापाल पदको द्वितीय चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना।

**सूचना नं. ३५७।०८१-८२, मिति २०८२।०३।३१**

लोक सेवा आयोग, काठमाडौं कार्यालयको विज्ञापन नं. ११९०१।०८१-८२ (खुला), **प्रशासन सेवा, लेखा समूह, राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक)**, **लेखापाल** पदमा **काठमाडौं परीक्षा केन्द्र** राखी प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको **द्वितीय चरणको** लिखित परीक्षा निम्न मिति र समयमा निम्नानुसारका परीक्षा भवनहरुमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेद्वारहरुले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाणसहितका कागजातहरु संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८ (१) बमोजिम परीक्षा सुरु हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ। उम्मेदवारहरुले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ मा तल उल्लेख गरिएको छ।

**द्वितीय चरणको लिखित परीक्षा कार्यक्रम**

| सि.नं. | पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | परीक्षा अवधि |
|---|---|---|---|---|---|
| १ | द्वितीय | समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन (Contempoarary Studies & Public Service Management) | विषयगत (Subjective) | २०८२।०४।०९ गते दिनको २:०० बजे | २ घण्टा ३० मिनेट |
| २ | तृतीय | सेवा-समूह सम्बन्धी (Service-Group related subject) | | २०८२।०४।१० गते दिनको २:०० बजे | |

**लिखित परीक्षा भवन**

| क्र.सं. | उम्मेदवारहरूको रोल नं. | संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | ३१००१० देखि ३२०४७४ सम्म | २०० | मनमोहन मेमोरियल कलेज (क), सोह्रखुट्टे |
| २ | ३२०५९१ देखि ३२९८८९ सम्म | १८५ | मनमोहन मेमोरियल कलेज (ख), सोह्रखुट्टे |

**द्रष्टव्य १:-**

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।
२. **उम्मेदवारले उत्तरपुस्तिकामा कालो मसी भएको डटपेन/कलम मात्र प्रयोग गर्नुपर्नेछ।**
३. परीक्षा भवनमा झोला, मोवाइल फोन, स्मार्ट वाच तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।
४. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ।
५. **परीक्षामा प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्ने छ।**
६. तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित गराइने छैन।
७. काठमाडौं परीक्षा केन्द्रबाट प्रथम चरणको परीक्षा उत्तीर्ण गरेका बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरूलाई परीक्षामा सामेल गराईने छैन।
८. सक्रमणजन्य रोगका कारण उम्मेदवारले आफ्नो प्रयोजनका लागि मास्क, स्यानिटाइजर तथा पिउने पानीको व्यवस्था आफै गर्नु पर्नेछ।
९. थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं. ०१-४७७१९८२ वा मोवाइल नं.९८४३३७५२२३ मा सम्पर्क गर्न सकिने छ।

| | | |
|---|---|---|
| (हरि प्रसाद पौडेल) | (पुष्पराज खनाल) | (विष्णु पौडेल) |
| शाखा अधिकृत | शाखा अधिकृत | उपसचिव |